# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ


च.नं. मितिः २०८०/०१/०६

# भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना

मितिः २०८०/०१/०६

चिकित्सा शिक्षा आयोगले मिति २०८०/०१/०५ मा प्रकाशित गरेको चिकित्सा शिक्षा **स्नातक तहको छात्रवृत्ति** तर्फको पहिलो चरणको पुनः म्याचिङ (Matching) तथा विद्यार्थी भर्ना सम्बन्धी सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरुमा छात्रवृत्ति कोटाको सुची भित्र नाम रहेका विद्यार्थीहरुलाई मिति **२०८०/०१/१०** गते भित्र पू.वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्गमा **स्वयम् उपस्थित** भई भर्ना हुन यो सूचना प्रकाशित गरिन्छ ।

**स्थानः पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकाय, सुन्दरहरैंचा न.पा., गोठगाउँ, मोरङ्ग ।**

**भर्ना गरिसक्नुपर्ने मिति र समय** : २०८०/०१/१० गते, ४:०० बजे भित्र

**भर्ना सम्बन्धी नियमहरुः**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरुले भर्ना हुँदा दरखास्त फारमका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।

२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

३. कबुलियतनामामा विद्यार्थी स्वयम्ले दस्तखत गर्नुपर्ने छ ।

**भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरुः**

- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको सक्कल तथा प्रतिलिपि ।
- प्रवेशपत्रको सक्कल तथा प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरु ।

**नोटः**

- यस पू.वि. चिकित्साशास्त्र संकाय मार्फत भर्ना प्रकृया पूरा गरेका सम्पूर्ण विद्यार्थीहरुले यथाशिघ्र सम्बन्धित क्याम्पस/कलेजमा सम्पर्क गर्नुहोला ।
- शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा Admission को नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सूचित गरिन्छ ।

नि.डीन

चिकित्साशास्त्र संकाय

फोन नं.: ०२१-४२६००८ Website: www.pufomas.edu.np Email: info@pufomas.edu.np